**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**विदेशी विनिमय व्यवस्थापन विभागको**
**सूचना**

यस बैंकबाट इजाजतपत्र प्राप्त गरी विप्रेषण कारोबार गरिरहेका बैंक तथा वित्तीय संस्था एवम् विप्रेषण सेवा प्रदायक कम्पनीहरुलाई विदेशमा काम गरिरहेका नेपालीहरु कार्यरत रहेका देशमा सञ्चालनमा रहेका Digital Payment गर्ने संस्थासँग आवद्ध भई विप्रेषण कारोबार गर्दा पालना गर्नुपर्ने **नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०६७** को साविकका व्यवस्थाका अतिरिक्त देहायका शर्तहरु सहितको सम्झौता गरी Digitally नेपालमा रकम भित्र्याउन सक्ने र नेपालमा रहेका सेवाग्राहीलाई नेपालमा सञ्चालनमा रहेका यस बैंकबाट अनुमतिपत्र प्राप्त भुक्तानी सेवा प्रदायक (बैंक तथा वित्तीय संस्था समेत) संस्थासँग आवद्ध भई त्यस्ता संस्थाहरुले सञ्चालन गरेका विद्युतीय भुक्तानीका उपकरणहरु (Mobile Banking, Internet Banking, Electronic cards, Digital Wallet आदि) मार्फत स्वदेशी मुद्रामा भुक्तानी प्रदान गर्न सक्ने सम्बन्धमा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो व्यवस्था गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु :**

(क) नेपालीहरु कार्यरत देशबाट विप्रेषण पठाउने संस्था उक्त देशमा सञ्चालनमा रहेको Digital Payment Instrument सञ्चालन गर्ने संस्थासँग आबद्ध भएको हुनु पर्ने ।

(ख) खण्ड (क) बमोजिमको संस्था उक्त देशको कानुन वमोजिम दर्ता भई त्यस देशको नियामक निकायबाट Outward Remittance कारोबार गर्न इजाजतपत्र प्राप्त गरेको हुनुपर्ने ।

(ग) Digital Payment Instrument बाट Cross Border कारोबार गर्दा प्रयोगमा ल्याइने Software मा अपनाउनु पर्ने सुरक्षा व्यवस्थाहरु जस्तै : Identification Number, System Security/Unauthorized Access to the third party, Confidentiality, Settlement आदि बारेमा सम्झौतामा स्पष्ट व्यवस्था गरेको हुनुपर्ने ।

(घ) सम्बद्ध पक्षहरुको कारोबार डिजिटल अभिलेखमा नेपालको प्रचलित कानूनले व्यवस्था गरे अनुसारको समयावधिसम्म सुरक्षित राख्ने प्रतिबद्धता व्यक्त गर्नुपर्ने ।

(ङ) विदेशबाट विप्रेषकले Digital Payment Service Provider मार्फत पठाएको रकम प्रापकले रकमान्तर गर्न वा आफै स्वयम् उपस्थित भई भुक्तानी लिन नसक्ने अवस्थामा Wallet मा रहने तोकिएको सीमाभन्दा बढी भएको रकम भुक्तानी सेवा प्रदायक संस्थाले प्रापकको बैंक खातामा स्थानान्तरण हुने व्यवस्था मिलाउनु पर्ने ।

(च) प्रचलित कानुनमा उल्लिखित AML/CFT सम्बन्धी व्यवस्थाको परिपालना हुने सुनिश्चितता हुनुपर्ने ।

(छ) कारोबार गर्दा विवरण गल्ती भई कारोबार सम्पन्न हुन नसकेको अवस्थामा स्वचालित तवरले Reimburshment हुने व्यवस्था मिलाउनु पर्ने ।

(ज) उपर्युक्त बुँदाहरु सम्मिलित गरी सम्बद्ध पक्षहरु बीच भएको सम्झौता यस बैंकमा पेश गर्नुपर्ने ।

(झ) यस्तो विधिबाट भित्रिएको विप्रेषणको विवरण साविकको ढाँचा (अनुसूची २५.१ र २५.२) अनुसार पाक्षिक रुपमा विदेशी विनिमय व्यवस्थापन विभागमा पेश गर्नुपर्ने ।

भवदीय,

बम बहादुर मिश्र
(कार्यकारी निर्देशक)

जारी मिति : २०७७/०६/०५